## अवैध मदिरा खरिद विक्री नगर्ने नगराउने सम्बन्धी जरुरी सार्वजनिक सूचना

अन्तःशुल्क ऐन २०५८ तथा नियमावली २०५९ बमोजिम इजाजतपत्रवालाले मात्र स्वदेशी तथा विदेशी मदिराको कारोवार गर्नुपर्ने, अन्तःशुल्क टिकट लगाइएका मदिराहरुको मात्र खरिद विक्री गर्नुपर्ने तथा बिदेशबाट पैठारी भई आएका मदिराजन्य वस्तुमा विभागले तोके बमोजिमको स्थानमा अन्तःशुल्क टिकट टाँस गरेर मात्र विक्री वितरण गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

हाल बजार अनुगमनका क्रममा विभिन्न व्यवसायी, होटल, क्यासिनो, पार्टि प्यालेस, ब्यांकेट, रेष्टुरेन्ट समेतले अवैध रुपमा चोरी पैठारी भई आएका विभिन्न ब्राण्डका विदेशी मदिराको भण्डारण, सञ्चय, खरिद, विक्री एवम् प्रयोग गरिरहेको सम्बन्धमा आन्तरिक राजस्व विभागको गम्भिर ध्यानाकर्षण भएको छ । अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली २०५९ को व्यवस्था विपरित कोहि कसैले मदिराको पैठारी, खरिद, विक्री, प्रयोग लगायतको कारोवार नगर्न नगराउन हुन जानकारी गराइन्छ । अनुगमनका क्रममा कोही कसैले उल्लिखित कानूनी व्यवस्थाको उलंघन गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गरिन्छ ।